


वर्ष ४१ | अंक ३ | नेपाल राष्ट्र बैंक समाचार | मंसिर २०७३ | नोभेम्वर-डिसेम्वर २०१६

# गभर्नर डा. नेपालद्वारा APRACA General Assembly तथा 67th APRACA Executive Committee Meeting को समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले कात्तिक २४ गते काठमाडौंमा The 20th Asia-Pacific Rural and Agricultural Credit Association (APRACA) General Assembly तथा 67th APRACA Executive Committee Meeting and Regional Forum on "Emerging Opportunities and Challenges of Financial Inclusion in Asia-Pacific Region" को समुद्घाटन गर्नुभयो ।



गभर्नर डा. चिरंजीबि नेपालले सो कार्यक्रमको समुद्घाटन पश्चात् महत्वपूर्ण मन्तव्य दिनुभयो । उक्त मन्तव्यमा उहाँले विश्वमा नै वित्तीय समावेसीकरणको लहर आएको बताउँदै वित्तीय पहुँच कम रहेका देशहरुमा यसको आवश्यकता अझ बढी रहेको धारणा राख्नुभयो । अत्याधुनिक प्रविधिको प्रयोगमा जोड दिँदै उहाँले वित्तीय समावेसीकरणको विस्तारका लागि सबै पक्षको सहयोगको अपेक्षा गर्नुभयो र वित्तीय पहुँच सम्बन्धमा नेपाल राष्ट्र बैंकले अपनाएका नीतिहरुका बारेमा प्रकाश पार्नुभयो ।



डेपुटी गभर्नर तथा APRACA का Vice Chairman शिवराज श्रेष्ठले सो कार्यक्रममा स्वागत मन्तव्य राख्नुभयो । उहाँले गरिबी तथा आय असमानता हटाउन वित्तीय समावेसीकरणको विशेष महत्व दर्साउँदै सामाजिक र आर्थिक विकासको लागि वित्तीय समावेसीकरण एक महत्वपूर्ण औजारको रुपमा रहेको उल्लेख गर्नुभयो ।

का. मु. कार्यकारी निर्देशक उपेन्द्रकुमार पौडेलले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रममा APRACA का Chairman तथा Bangladesh Bank का डेपुटी गभर्नर Mr. S.K. Sur Chowdhury र National Bank for Agriculture and Rural Development (NABARD) का Chairman Dr. Harash Kumar Bhanwala ले पनि पनि वित्तीय समावेसीकरणका सम्बन्धमा आआफ्ना अनुभवहरु सुनाउनु भएको थियो ।

३ दिने सो कार्यक्रममा APRACA को सदस्य रहेका २१ देशका विभिन्न संस्थाका १२० भन्दा व्यक्तिको सहभागिता रहेको थियो । हरेक २ वर्षमा Chairman परिवर्तन हुने प्रावधान अनुसार कार्यक्रममा नेपाल राष्ट्र बैंकलाई सन् २०१६–१८ को अवधिका लागि APRACA को Chairmanship हस्तान्तरण गरिएको थियो ।

ग्रामीण क्षेत्रमा वित्त तथा कृषिको प्रवर्द्धन गर्ने उद्देश्यले सन् १९७७ मा क्षेत्रीय मञ्चका रुपमा APRACA को गठन भएको थियो । नेपाल यसको संस्थापक सदस्य समेत रहेको छ । ग्रामीण क्षेत्रमा वित्तीय कार्य गरिरहेका नेपालका अन्य ५ वटा संस्था पनि यसको सदस्य रहेका छन् ।



# गभर्नर डा. नेपालबाट वित्तीय जागरण राष्ट्रिय अभियानको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले रुपन्देही जिल्लाको रुद्रपुरस्थित लुम्बिनी ज्ञान निकेतन उच्च मा. वि. को प्राङ्गणमा कात्तिक २६ गते आयोजित एक समारोहमा वित्तीय जागरण राष्ट्रिय अभियानको समुद्घाटन गरी शुभारम्भ गर्नुभयो ।




सो कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य दिनुहुँदै गभर्नर डा. नेपालले उद्यम तथा व्यवसायका लागि नेपालमा प्रशस्त अवसरहरु रहेको बताउनु भयो । उहाँले त्यस्ता अवसरहरुको समुचित उपयोग गर्न सकिएमा नेपाल आर्थिक समृद्धिको बाटोमा लम्कने र युवाहरु रोजगारीका लागि विदेशमा जानुपर्ने बाध्यताको पनि अन्त्य हुने धारणा राख्नुभयो ।

आर्थिक उपार्जनका लागि वित्तीय अनुशासनमा जोड दिँदै गभर्नर डा. नेपालले देशको आर्थिक विकासमा बैंकहरुको भूमिका महत्वपूर्ण रहने उल्लेख गर्नुभयो । उद्योग तथा व्यवसायका लागि आवश्यक पुँजीका निमित्त बैंक तथा वित्तीय संस्थाहरुको सहयोग लिन सर्वसाधारणसँग आग्रह गर्दै उहाँले व्यावसायिक कार्यका लागि लिइएको ऋण वास्तवमा ऋण नभई समृद्धिको साधन हो भन्नुभयो ।

पैसाको महत्व बुझ्ने र त्यसको सदुपयोग गर्न जान्ने हो भने सम्पूर्ण नेपाली धनी र सम्पन्न हुने विश्वास गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो । स्कुलको प्राथमिक तहदेखि नै विद्यार्थीहरुलाई वित्तीय साक्षरता सम्बन्धी शिक्षा दिनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले ग्रामीण क्षेत्रमा बैंकिङ पहुँचको विस्तारमा पनि जोड दिनुभयो ।

मिडिया इण्टरनेसनलको संयोजनमा आयोजित उक्त कार्यक्रममा वित्तीय साक्षरता सम्बन्धी हाते पुस्तकको लोकार्पण गरिएको थियो । सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले रुपन्देही र आसपासका जिल्लाहरुमा रहेका बैंक तथा वित्तीय संस्थाको अवस्था बारे संक्षिप्त प्रकाश पार्नु भएको थियो । विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुले पनि मन्तव्य राख्नु भएको थियो ।



कार्यक्रमको दिन बिहान सर्वसाधारण तथा विद्यार्थीहरुको जुलुसले वित्तीय चेतना सम्बन्धी नारा र व्यानर सहित बजार परिक्रमा गरेको थियो । वित्तीय जागरण राष्ट्रिय अभियान देशका विभिन्न भागमा सञ्चालन हुने कार्यक्रम रहेको छ ।

## प्रवक्तामा कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल



नेपाल राष्ट्र बैंकको प्रवक्तामा कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल नियुक्त हुनु भएको छ । उहाँले त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन तथा अर्थशास्त्रमा स्नातकोत्तर र बेलायतबाट वित्त व्यवस्थापनमा स्नातकोत्तर गर्नु भएको छ । उहाँ २०४६ साल जेठदेखि बैंकमा कार्यरत हुनुहुन्छ ।

## अतिथि गृहको शुल्कमा एकरुपता गर्ने सम्बन्धमा

बैंकबाट कर्मचारीहरुका लागि काठमाडौं उपत्यका भित्र र काठमाडौं उपत्यका बाहिर व्यवस्था गरिएका सबै अतिथि गृहको सेवा शुल्कमा एकरुपता ल्याउने उद्देश्यले काठमाडौं उपत्यका बाहिर व्यवस्था गरिएका सबै अतिथि गृहको सेवा शुल्कलाई यथावतै राखी काठमाडौंमा सामान्य सेवा विभागले व्यवस्था गरेको होटल/अतिथि गृहको शुल्क प्रति कोठा प्रति रात अधिकृत स्तरका लागि रु. २०० र अन्य कर्मचारीका लागि रु. १०० निर्धारण गरिएको छ ।

## एकीकृत कारोबार

साविकका इजाजतपत्रप्राप्त "क" वर्गको सिभिल बैंक लिमिटेड र "ग" वर्गको इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कम्पनी लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई साविकका दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार कात्तिक १ गते सोमवारका दिनदेखि "सिभिल बैंक लिमिटेड" को नामबाट सञ्चालन भएको छ ।

# गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहेको IFC प्रतिनिधि मण्डलद्वारा भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल भ्रमणमा रहेको International Finance Corporation (IFC) को Ms. Wendy Jo Werner को नेतृत्वमा आएको प्रतिनिधिमण्डलले कार्तिक ८ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गऱ्यो ।



भेटवार्ताका अवसरमा नेपाल, भुटान र बंगलादेशका लागि Country Manager रहेकी Werner ले Infrastructure Project, Financial Inclusion तथा रोजगारी सिर्जना हुने Real Sector मा IFC लगानी गर्न इच्छुक रहेको बताउनुभयो । सो क्रममा उहाँले स्थानीय मुद्रामा ऋणपत्र निष्काशनका विविध पक्षमा जिज्ञासा राख्नुका साथै नेपालका बाणिज्य बैंकमा IFC ले पूँजी लगानी गर्न सक्ने सम्भावनाका बारेमा चर्चा गर्नु भएको थियो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक स्थिति, वित्तीय पहुँचका बारेमा जानकारी गराउनुहुँदै रोजगारी सिर्जना गर्ने ठूला Infrastructure Project तथा संचालनमा रहेका ठूला कृषि परियोजनामा लगानी गर्न IFC लाई अनुरोध गर्नुभयो । सो क्रममा उहाँले वित्तीय पहुँच अभिवृद्धिमा राष्ट्र बैंक दृढताका साथ लागिरहेको उल्लेख गर्नुहुँदै यस सम्बन्धमा IFCको सहयोग स्वागतयोग्य हुने बताउनुभयो ।

प्रतिनिधि मण्डलका साथ IFC का आवासीय प्रतिनिधि M. Rehan Rashid / Country Officer Santosh Pandey को पनि उपस्थिति रहेको थियो ।

# गभर्नर डा. नेपालबाट पुस्तक लोकार्पण

गभर्नर डा. चिरंजीबि नेपालले कात्तिक ३० गते काठमाडौंमा घोष्ट राइटिङ नेपालद्वारा प्रकाशित क्याप्टेन रतन लामिछानेको **आकाशको दुनियाँ** नामक पुस्तकको एक समारोह बीच लोकार्पण गर्नुभयो ।



सो समारोहमा गभर्नर डा. नेपालले प्रमुख अतिथिका रुपमा आफ्ना भनाइहरु राख्नुहुँदै लोकार्पित पुस्तक उड्डयन क्षेत्रको महत्वपूर्ण कृति रहेको बताउनु भयो । पुस्तक भित्रका हरेक शीर्षकहरुले पाठकमा कौतुहलता जगाउने धारणा व्यक्त गर्दै उहाँले नेपालको वायु सेवाको सुरुआतदेखिका विभिन्न घटनाहरु, पञ्चायती तथा बहुदलीय व्यवस्थाका प्रसंगहरु, धमिजा, लाउडा आदिका कुराहरु लगायत लेखकका निजी अनुभवहरु समेतले पुस्तक ज्यादै चाखलाग्दो बनेको उल्लेख गर्नुभयो ।

पुस्तक सरल भाषामा लेखिएको, पुस्तकमा अभिव्यक्त विचार तथा घटनाहरु स्मरणीय रहेको र पुस्तकमा उड्डयन क्षेत्रका धेरै कुराहरु समेटिएको विचार पनि गभर्नर डा. नेपालले उक्त समारोहमा व्यक्त गर्नुभयो । घोष्ट राइटिङ नेपाललाई पुस्तक प्रकाशनका लागि धन्यवाद दिँदै उहाँले **आकाशको दुनियाँले** क्याप्टेन रतन लामिछानेलाई सधैं जीवित राख्ने धारणा राख्नुभयो ।

उक्त समारोहमा साहित्यकार, पत्रकार, संगीतकार, गायक, समीक्षक, अर्थविद्, डाक्टर, विमान चालक लगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।

# वीरगञ्जमा औपचारिक वित्तीय कारोबार विषयक अन्तरक्रिया



वीरगञ्ज कार्यालयले कात्तिक ७ गते डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा औपचारिक वित्तीय कारोबार विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर शिवाकोटीले वित्तीय स्थायित्व र विदेशी विनिमय व्यवस्थापन नेपाल राष्ट्र बैंकको मुख्य कार्य रहेको उल्लेख गर्नुहुँदै ती दुवै कार्यका लागि औपचारिक, सबल र सुदृढ वित्तीय प्रणाली आवश्यक रहेको बताउनु भयो । उहाँले नियमनकारी निकायको हैसियतले नेपाल राष्ट्र बैंकले वित्तीय प्रणालीलाई सबल, सुदृढ र पारदर्शी बनाउन विभिन्न नीति, नियम तथा निर्देशन जारी गरी प्रभावकारी सुपरिवेक्षण गर्दै आएको उल्लेख गर्नुभयो र सीमावर्ती व्यावसायिक केन्द्रमा अनौपचारिक कारोबारको संभावना बढी हुने तर्फ इंगित गर्दै सबैलाई इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरु मार्फत मात्र कारोबार गर्न आह्वान गर्नुभयो ।



नेपालको व्यापार घाटा बढिरहेको सन्दर्भमा व्यवसायीहरुले रोजगारी बढ्ने तथा पुँजीगत खर्च हुने खालका आयातमा ध्यान पुऱ्याउन सके राष्ट्रिय अर्थतन्त्र सबल हुँदै जाने विश्वास पनि डेपुटी गभर्नर शिवाकोटीले उक्त कार्यक्रममा व्यक्त गर्नुभयो । विदेशी मुद्राको अपचलनले अर्थतन्त्रमा नकारात्मक असर पर्ने हुँदा त्यसको नियन्त्रणका लागि सबै पक्ष सजग हुनुपर्ने धारणा राख्दै उहाँले वीरगञ्ज क्षेत्रमा हुण्डी जस्ता अवैधानिक कारोबारको नियन्त्रणको लागि प्रहरीको सकृयताको सराहना गर्नुभयो । विप्रेषणलाई आम्दानीको भरपर्दो स्रोत मान्न नसकिने विचार राख्दै उहाँले देशले विकासको तीव्र गति पक्रन नसकेकोमा चिन्ता जाहेर गर्नुभयो ।

सो कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक धनञ्जय शर्माको सभापतित्वमा सम्पन्न भएको थियो । उपनिर्देशक रोशनकुमार सिग्देलले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो भने उपनिर्देशक प्रदीप भट्टराईले औपचारिक वित्तीय कारोबार विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक लुमाकान्त भट्टराईले गर्नु भएको थियो ।

विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि लगाायत पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका पदाधिकारी, पत्रकार आदिको उल्लेख्य सहभागिता रहेको सो कार्यक्रममा औपचारिक वित्तीय कारोबारका लागि निरन्तर प्रयत्नशील रहे बापत जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरिक्षक डा. राजुबाबु श्रेष्ठलाई दोसल्ला ओढाई सम्मानपत्र सहित विशेष सम्मान गरिएको थियो ।

## वीरगञ्ज कार्यालयको अवस्था, गतिविधि र समस्याका बारेमा छलफल

सोही दिन आयोजित अर्को कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले वीरगञ्ज कार्यालयका कर्मचारीहरुसँग कार्यालयको अवस्था, गतिविधि र समस्याका सम्बन्धमा छलफल गर्नुभयो र सो छलफलमा उठेका जिज्ञासाहरुलाई सम्बोधन गर्नुभयो ।

सो कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक धनञ्जय शर्माले वीरगञ्ज कार्यालयको कारोबार, भा. रु. व्यवस्थापन र सीमा क्षेत्रका आर्थिक गतिविधिका बारेमा र उपनिर्देशक रोशनकुमार सिग्देलले कार्यालय भवनको अवस्था र समस्याका बारेमा डेपुटी गभर्नर शिवाकोटीलाई अवगत गराउनु भएको थियो । कर्मचारीहरु तथा कर्मचारी संघका अध्यक्षहरुले कर्मचारीको काज, वृत्ति विकास, सेवा अवधि, भर्ना, सरुवा आदि विषयमा जिज्ञासा राख्नु भएको थियो ।



# डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीद्वारा बैंक शाखा उद्‌घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले कात्तिक ८ गते रौतहट जिल्लाको कटहरियामा नेपाल बैंक लिमिटेडको पुनःस्थापित शाखाको उद्‌घाटन गर्नुभयो ।



उद्‌घाटन पश्चात् मन्तव्य दिनुहुँदै प्रमुख अतिथि डेपुटी गभर्नर शिवाकोटीले देशमा वित्तीय पहुँचको विस्तारका लागि नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहन दिँदै आएको बताउनु भयो । निश्चित प्रावधानहरु पूरा गरेका बैंक तथा वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा शाखा खोल्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु नपर्ने व्यवस्था गरिएको जानकारी दिँदै उहाँले वित्तीय जागरणका लागि एक घर एक खाता, वित्तीय र्‍याली जस्ता अभियानको आवश्यकता औँल्याउनु भयो ।

डेपुटी गभर्नर शिवाकोटीले कृषि, ऊर्जा र पर्यटन मार्फत देशको विकास गर्न सकिने धारणा सो कार्यक्रममा राख्नुभयो । मेहनत, पौरख र आँटले नै देशलाई स्वर्ग बनाउन सकिने विचार व्यक्त गर्दै उहाँले आत्मनिर्भर अर्थतन्त्रका लागि आयात प्रतिस्थापन हुने खालका उद्योग व्यवसायको स्थापनामा जोड दिनुभयो । बैंकलाई आफ्नो सुखदुखको साथीको रुपमा बुझिदिन उहाँले सर्वसाधारणसँग आग्रह गर्नुभयो ।




रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका पदाधिकारी, सांसद, शिक्षक, उद्योगी, व्यवसायी लगायत स्थानीय व्यक्तिहरुको उक्त कार्यक्रममा उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाल बैंक लिमिटेडको सो शाखा २०३३ सालमा स्थापित भई २०५९ सालमा बन्द भएको जानकारी दिइएको थियो ।

# धनगढी कार्यालयमा बचतपत्र सम्बन्धी कार्यक्रम

राष्ट्र ऋण व्यवस्थापन विभागले वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको नेपालमा रहेका घरपरिवारका सदस्य तथा बिक्री एजेन्टहरुलाई वैदेशिक रोजगार बचतपत्र सम्बन्धी जानकारी दिने उद्देश्यले कात्तिक २६ गते धनगढी कार्यालयमा राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनीको उपस्थितिमा एक दिने अभिमुखीकरण कार्यक्रमको आयोजना गर्‍यो । कार्यक्रममा वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरुको नेपालमा रहेका घरपरिवारका सदस्य तथा बिक्री एजेन्टहरु गरी ३८ जनाको सहभागिता रहेको थियो । सो कार्यक्रममा धनगढी कार्यालयका निर्देशक विश्रुत थापाको पनि उपस्थिति रहेको थियो ।




# सिद्धार्थनगरमा सफा नोट नीति सम्बन्धी छलफल तथा अन्तरक्रिया

सिद्धार्थनगर कार्यालयमा कात्तिक ११ गते सफा नोट नीति सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले सफा नोट नीति सम्बन्धी मन्तव्य दिनुभयो । कार्यक्रममा उपस्थित बैंक तथा वित्तीय संस्था र पत्रकारहरुले राखेको जिज्ञासाको जवाफ दिँदै उहाँले नोट सफा राख्नु हामी सबैको दायित्व रहेको र देशकै प्रतिष्ठाका लागि पनि नोट सफा राख्नु पर्ने विषयमा जोड दिनुभयो ।

कार्यक्रममा उपस्थित सहभागीहरुलाई स्वागत गर्दै सिद्धार्थनगर कार्यालयका उपनिर्देशक विज्ञानराज सुवेदीले सफा नोट भनेको हाम्रो प्रतिष्ठाको विषय भएको बताउनु भयो । सहायक निर्देशक छविलाल घिमिरेले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रमुख/प्रतिनिधि, पत्रकार तथा कार्यालयका कर्मचारी गरी करिब ६० जनाको उपस्थिति रहेको थियो । उपस्थित व्यक्तित्वहरुले यस सम्बन्धी चेतना प्रवर्द्धनको लागि विद्यालयको पाठ्य सामग्रीमा समावेश गर्ने प्रक्रियाको थालनी गर्नुपर्ने र खुद्रा व्यापारी वर्ग, मासु पसल, तरकारी व्यापारीहरु आदिलाई समेत समावेश गरी यस प्रकारका कार्यक्रमहरु संचालन गर्न रचनात्मक सुझावहरु दिनु भएको थियो ।

# बर्दियामा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम

बर्दिया जिल्लाको मोतिपुर गा.वि.स. ८ बाँसगढीस्थित श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालयमा नेपाल राष्ट्र बैंकले कात्तिक २५ गतेका दिन एक वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गऱ्यो ।



कार्यक्रममा उक्त विद्यालय तथा सोही विद्यालयका उच्च माध्यमिक तहका विद्यार्थीहरुलाई लक्षित गरी वित्तीय ज्ञान सम्प्रेषण गरिएको थियो । कक्षा ९ देखि कक्षा १२ सम्मका झण्डै १३० विद्यार्थीहरुको सहभागिता रहेको उक्त कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले निक्षेप, कर्जा, विप्रेषण, बैंकिङ सेवा लगायतका विषयहरु सम्बन्धमा विद्यार्थीहरुलाई आधार भूत जानकारी गराउनु भएको थियो । उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक र अन्य शिक्षकहरुको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पार्दै सहभागी सम्पूर्णलाई नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेलले स्वागत गर्नु भएको थियो । वित्तीय साक्षरता सम्बन्धी प्रस्तुति पश्चात् विद्यार्थीहरुले राखेका विभिन्न विषय सम्बन्धी जिज्ञासा सम्बन्धमा बैंक सुपरिबेक्षण विभागका निर्देशक मुकुन्दकुमार क्षेत्री र उपनिर्देशकद्वय देवेन्द्र गौतम र किरण पण्डितले समेत स्पष्ट पार्नु भएको थियो । कार्यक्रमको अन्त्यमा उक्त उच्च माध्यमिक विद्यालयका प्रधानध्यापक निराजन चापागाईले नेपाल राष्ट्र बैंक लगायत सबैलाई धन्यबाद ज्ञापन गर्नु भएको थियो ।

# धनगढी कार्यालयमा GL सम्बन्धी कार्यक्रम

G.L System प्रयोग गर्दा अपनाउनु पर्ने विधि र भएका समस्याहरुलाई समाधान गर्ने उद्देश्यले धनगढी कार्यालयको आयोजनामा कार्तिक ५ र ६ गते दुई दिने GL सम्बन्धी कार्यक्रम सम्पन्न भयो । धनगढी कार्यालयका निर्देशक विश्रुत थापाले समुद्घाटन गर्नु भएको सो कार्यक्रममा वित्त व्यवस्थापन विभाग, मूद्रा व्यवस्थापन विभाग, सूचना प्रविधि विभाग र बैंकि[a] कार्यालयबाट आउनु भएका सहजकर्ताहरुले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा सहायक र अधिकृत स्तरका गरी २९ जना कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




# पर्साको धोबिनीमा वित्तीय साक्षरता

पर्सा जिल्लाको धोबिनी गा.वि.स. स्थित तारा बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा कात्तिक २ गते वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो ।



उक्त कार्यक्रमलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्नुहुँदै वीरगञ्ज कार्यालयका निर्देशक धनञ्जय शर्माले स्थानीय स्तरमा रोजगारी सिर्जना गरी आयस्तर सुधार गर्नमा वित्तीय साक्षरतामूलक कार्यक्रमले सहायता पुऱ्याउने धारणा राख्नुभयो । उहाँले बैंकमा बचत गरे पुँजी सिर्जना हुन तथा उद्यम गरे आर्थिक अवस्था सुधार हुन गई समग्र देशको आर्थिक विकासमा सहायता पुग्ने विश्वास व्यक्त गर्नुभयो । स्थानीय स्तरमा आउने विप्रेषणको सही उपयोग गरी दिगो आय बनाउन र जीवनस्तर उकास्न पनि उहाँले अनुरोध गर्नुभयो ।

सो कार्यक्रममा वित्तीय साक्षरता विषयमा सहायक निर्देशक भागवत आचार्यले वार्ता प्रस्तुत गर्नुभयो । उहाँले बैंकिङ कारोबार र स्वरोजगार सिर्जना, बचत, कर्जा र सोको सदुपयोग, विना धितो महिला तथा विपन्न कर्जा, बिमा, विप्रेषणको उपयोग तथा औपचारिक माध्यमको प्रयोग तथा नेपाली नोटलाई जतन गरी प्रयोग गर्ने लगायतका विषयमा प्रस्तुति दिनुभयो ।

कार्यक्रममा आयोजक संस्थाका सदस्य तथा स्थानीय शिक्षक तथा विद्यार्थीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा उठेका जिज्ञासाका बारेमा निर्देशक शर्मा तथा प्रस्तोता आचार्यले जवाफ दिई स्पष्ट पार्नु भएको थियो ।

# ताप्लेजुङमा वित्तीय साक्षरता कार्यक्रम

विराटनगर कार्यालयले ताप्लेजुङ जिल्लाको फुङलिङ बजारमा कार्तिक २४ गते ताप्लेजुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेको प्रमुख आतिथ्यमा वित्तीय साक्षरता सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गऱ्यो ।




उक्त कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले वित्तीय साक्षरता सम्बन्धी विस्तृत कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा वित्तीय साक्षरताको अर्थ, महत्व, आयाम तथा  उपकरणहरुको बारेमा उल्लेख गर्दै उहाँले नेपालको समग्र वित्तीय प्रणाली एवम् वित्तीय पहुँचको अवस्था तथा सो सन्दर्भमा बैंकले अवलम्बन गर्दै आएको नीति तथा कार्यक्रमहरुको समेत जानकारी दिनुभयो । यसका साथै निर्देशक पौडेलले सम्पूर्ण सरोकारवालाहरुले आ आफ्नो स्थानबाट वित्तीय साक्षरता अभियानलाई सार्थक तुल्याई मुलुकको आर्थिक विकासमा टेवा पुचाउन पनि अनुरोध गर्नुभयो । कार्यक्रममा सहभागीहरुले उठाउनु भएका जिज्ञासाहरुलाई सम्बोधन गर्दै उहाँले आर्थिक उन्नति तथा प्रगति सुनिश्चित गरी आफ्नो भविष्य उज्वल पार्न बैंकिङ बानीको विकास गरौं र अरुलाई पनि यसका लागि प्रोत्साहन गरौं भन्ने सन्देश समेत दिनुभयो ।

विराटनगर कार्यालयका सहायक निर्देशक विना ढकाल पौडेलले स्वागत मन्तव्य दिनु भएको थियो सो कार्यक्रम सहायक नवदिप साहले कार्यक्रम संचालन गर्नुभएको थियो । कार्यक्रममा स्थानीय विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थी, बैंकर्स, पत्रकार, सहकारी तथा संघसंस्थाका प्रतिनिधि तथा सर्वसाधारणहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।



# अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता

विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला र वित्त कम्पनी सुपरिवेक्षण विभागका का. मु. कार्यकारी निर्देशक एजिन्द्रप्रसाद लुईंटेल SEACEN ले आयोजना गरेको SEMINAR ON CENTRAL BANK FINANCE मा सहभागी हुन अक्टुबर २८ मा INDONESIA तर्फ प्रस्थान गर्नुभई नोभेम्बर ३ मा स्वदेश फर्कनु भयो ।

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक भुवन कडेल PERUM PERURI ले आयोजना गरेको DESTRUCTION PROCESS OF RS. 1000 मा सहभागी हुन नोभेम्बर २ मा JAKARTA, INDONESIA तर्फ प्रस्थान गर्नुभई नोभेम्बर ८ मा स्वदेश फर्कनु भयो । सोही विभागका सहायक निर्देशक वसन्तबहादुर घर्तीमगरको पनि उक्त कार्यक्रममा सहभागिता रहेको थियो ।

विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक सरिता अधिकारी BANK FOR INTERNATIONAL SETTLEMENTS ले आयोजना गरेको FSI-EMEAP REGIONAL SEMINAR ON THE REGULATION AND SUPERVISION OF SYSTEMICALLY IMPORTANT BANKS मा सहभागी हुन नोभेम्बर ६ मा BEIJING, CHINA तर्फ प्रस्थान गर्नुभई नोभेम्बर १३ मा स्वदेश फर्कनु भयो । सहायक निर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका जयशंकर महर्जन, बैंक तथा वित्तीय संस्था नियमन विभागका टेकनाथ पोखरेल र रिजोलुसन महाशाखाका राजेन्द्रकुमार श्रेष्ठको पनि उक्त कार्यक्रममा सहभागिता रहेको थियो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डे BANK FOR INTERNATIONAL SETTLEMENTS ले आयोजना गरेको OUTREACH MEETING ON SUPERVISORY CHALLANGES AND FORWARD LOOKING SUPERVISION मा सहभागी हुन नोभेम्बर ७ मा HONGKONG तर्फ प्रस्थान गर्नुभई नोभेम्बर १६ मा स्वदेश फर्कनु भयो ।

पोखरा कार्यालयका निर्देशक चिरञ्जीवी चापागाईं BANK FOR INTERNATIONAL SETTLEMENTS ले आयोजना गरेको SEMINAR ON TRADING BOOK ISSUES AND MARKET INFRASTRUCTURE मा सहभागी हुन नोभेम्बर १४ मा MADRID, SPAIN तर्फ प्रस्थान गर्नुभई नोभेम्बर २० मा स्वदेश फर्कनु भयो ।

गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र अनुसन्धान विभागका निर्देशक डा. गुणाकर भट्ट RESERVE BANK OF INDIA

बाँकी ८ पेजमा

७ पेजको बाँकी

ले आयोजना गरेको SEMINAR ON SAARC FINANCE DATABASE AND FIRST MEETING OF WORKING GROUP ON SAARC FINANCE DATABASE मा सहभागी हुन नोभेम्बर १५ मा PUNE, INDIA तर्फ प्रस्थान गर्नुभई नोभेम्बर २० मा स्वदेश फर्कनु भयो । गभर्नरको कार्यालयका उपनिर्देशक सुभासचन्द्र घिमिरे र अनुसन्धान विभागका सहायक निर्देशक भरत ओड पनि सो कार्यक्रममा सहभागी हुनु भएको थियो ।

निर्देशकहरु मुद्रा व्यवस्थापन विभागका भीष्मप्रसाद उप्रेती र वित्त व्यवस्थापन विभागका रविन्द्र महर्जन तथा टक्सार महाशाखाका का. मु. निर्देशक उद्धवलाल रंजितकार CHINA BANKNOTE PRINTING ले आयोजना गरेको INVITATION TO VISIT BANKNOTE PRINTING IN NANCHANG, CHINA मा सहभागी हुन नोभेम्बर १५ मा NANCHANG, CHINA तर्फ प्रस्थान गर्नुभई नोभेम्बर २१ मा स्वदेश फर्कनु भयो । मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक श्रीराम न्यौपाने पनि सो कार्यक्रममा सहभागी हुनु भएको थियो ।

उपनिर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका शम्भुनाथ ढुंगाना, बैंक सुपरिवेक्षण विभागका सुदीप फुयाँल र बैंक तथा वित्तीय संस्था नियमन विभागका अनुज दाहाल SEACEN ले आयोजना गरेको SEACEN SIGNATURE COURSE ON ADVANCED CAPITAL PLANNING AND STRESS TESTING मा सहभागी हुन नोभेम्बर ५ मा HONGKONG तर्फ प्रस्थान गर्नुभई नोभेम्बर १४ मा स्वदेश फर्कनु भयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका उपनिर्देशक जीतबहादुर महरा ABB ले आयोजना गरेको 2016 REGIONAL FORUM ON INVESTMENT MANAGEMENT OF FOREIGN EXCHANGE RESERVES मा सहभागी हुन अक्टुबर ३१ मा PHILIPPINES तर्फ प्रस्थान गर्नुभई नोभेम्बर ७ मा स्वदेश फर्कनु भयो ।

अनुसन्धान विभागका उपनिर्देशक रञ्जना पण्डित SEACEN ले आयोजना गरेको SHORT-TERM FORECASTING AT CENTRAL BANK मा सहभागी हुन नोभेम्बर ५ मा ISTANBUL, TURKEY तर्फ प्रस्थान गर्नुभई नोभेम्बर १४ मा स्वदेश फर्कनु भयो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक मोहन पुडासैनी र वित्त कम्पनी सुपरिवेक्षण विभागका सहायक निर्देशक ताराप्रसाद ओझा IMF SINGAPORE TRAINING INSTITUTE ले आयोजना गरेको STS16.23 SEMINAR ON MACRO STRESS TESTING मा सहभागी हुन नोभेम्बर १२ मा SINGAPORE तर्फ प्रस्थान गर्नुभई नोभेम्बर २० मा स्वदेश फर्कनु भयो ।

सूचना प्रविधि विभागका उपनिर्देशक नीरा शर्मा र सहायक निर्देशक फूलचनप्रसाद शाह THE MONETARY AUTHORITY OF SINGAPORE ले आयोजना गरेको 7th MAS INFORMATION TECHNOLOGY SUPERVISION WORKSHOP 2016 मा सहभागी हुन नोभेम्बर १२ मा SINGAPORE तर्फ प्रस्थान गर्नुभई नोभेम्बर २० मा स्वदेश फर्कनु भयो ।

अनुसन्भान विभागका उपनिर्देशक डिल्लीराम पोखरेल र सहायक निर्देशकहरु बैंकर्स प्रशिक्षण केन्द्रका रमेशकुमार सुवेदी र बैंक तथा वित्तीय संस्था नियमन विभागका हरिश्चन्द्र ढकाल SEACEN ले आयोजना गरेको SEACEN-IMF COURSE OF MONETARY POLICY STRATEGIES AND MONETARY OPERATIONS मा सहभागी हुन नोभेम्बर १२ मा MANILA, PHILIPPINES तर्फ प्रस्थान गर्नुभयो । उहाँहरु मध्ये उपनिर्देशक पोखरेल नोभेम्बर २० र सहायक निर्देशकहरु सुवेदी र ढकाल नोभेम्बर २७ मा स्वदेश फर्कनु भयो ।

उपनिर्देशकहरु सामान्य सेवा विभागका लक्ष्मीप्रसाद प्रसाईं र मुद्रा व्यवस्थापन विभागका रत्नकाजी गाँसी तथा सहायक निर्देशकहरु गभर्नरको कार्यालयका निर्मला खतिवडा, जनकपुर कार्यालयका रामविलास महतो र रामप्रमोद शाह, पोखरा कार्यालयका पुष्कर सुर्खाली, सिद्धार्थनगर कार्यालयका कृष्णप्रसाद शर्मा र रमेशकुमार न्यौपाने, मुद्रा व्यवस्थापन विभागका गंगालाल श्रेष्ठ, विष्णुमाया कँडेल पाण्डे र मोहनध्वज खड्का, बैंकिङ कार्यालयका गहेन्द्र कोइराला, राजेश अर्याल, सरिता श्रेष्ठ र राजाभाइ भेले, धनगढी कार्यालयका गोपालप्रसाद श्रेष्ठ र नरेन्द्रबहादुर चन्द, संस्थागत योजना विभागका सुरज खत्री, वीरगञ्ज कार्यालयका आनन्दकुमार उपाध्याय, विराटनगर कार्यालयका सुधिर पौडेल र इन्द्रप्रसाद शर्मा, कानुन महाशाखाका मोतीराम वैद्य, विकास बैंक सुपरिवेक्षण विभागका बद्रीप्रसाद खकुरेल, अनुसन्धान विभागका सुन्दर खड्का र वित्त व्यवस्थापन विभागका बालकुमार थापा CAMBOIA MICROFINANCE ASSOCIATION ले आयोजना गरेको EXPOSURE VISIT TO CAMBODIA मा सहभागी हुन अक्टुबर २३ मा COMBODIA तर्फ प्रस्थान गर्नुभयो । ३ दिने सो कार्यक्रममा सहभागी भई उहाँहरु विभिन्न मितिमा स्वदेश फर्कनु भयो ।

सहायक निर्देशकहरु आन्तरिक लेखापरीक्षण विभागका नारदकुमार पिया र वित्त व्यवस्थापन विभागका बाबुराम सुवेदी STI ले आयोजना गरेको SEMINAR ON SAGEGUARD ASSESMENTS OF CENTRAL BANKS मा सहभागी हुन अक्टुबर २२ मा SINGAPORE तर्फ प्रस्थान गर्नुभई नोभेम्बर ८ मा स्वदेश फर्कनु भयो ।

बैंकिङ कार्यालयका सहायक निर्देशकहरु माधवप्रसाद पोखरेल र रजनीबाबा श्रेष्ठ CIMB बाट नगद अमेरिकी डलर ल्याउने कार्यका लागि नोभेम्बर ६ मा SINGAPORE तर्फ प्रस्थान गर्नुभई नोभेम्बर १४ मा स्वदेश फर्कनु भयो ।

## कार्यकारी निर्देशक पंगेनीको सरुवा

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनीको राष्ट्र ऋण व्यवस्थापन विभागमा सरुवा भएको छ ।

## निर्देशकमा बढुवा

कायम मुकायम निर्देशकहरु बैंक सुपरिवेक्षण विभागका अशोककुमार पौडेल, वित्त व्यवस्थापन विभागका रविन्द्र महर्जन, बैंक तथा वित्तीय संस्था नियमन विभागका विमलराज खनाल, वित्त कम्पनी सुपरिवेक्षण विभागका विनोदराज आचार्य, सामान्य सेवा विभागका पोमनाथ गौतम, जनशक्ति व्यवस्थापन विभाग, बैंकर्स प्रशिक्षण केन्द्रका रामप्रसाद गौतम निर्देशक पदमा बढुवा हुनु भएको छ ।

बढुवा हुनुभएका सबैजनालाई नेपाल राष्ट्र बैंक समाचार बधाई ज्ञापन गर्दछ ।

## उपनिर्देशकहरुको सरुवा

उपनिर्देशकहरु वित्त कम्पनी सुपरिवेक्षण विभागका भुवन बस्नेतको विकास बैंक सुपरिवेक्षण विभागमा, धनगढी कार्यालयका डिलाराम सुवेदीको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, अनुसन्धान विभागका डा. रामशरण खरेलको विराटनगर कार्यालयमा, विकास बैंक सुपरिवेक्षण विभागका शम्भुनाथ ढुंगानाको गभर्नरको कार्यालयमा र अनुसन्धान विभागका माधव दंगालको जनकपुर कार्यालयमा सरुवा भएको छ ।

यसैगरी, उपनिर्देशकहरु बैंक तथा वित्तीय संस्था नियमन विभागका दीर्घबहादुर रावलको धनगढी कार्यालयमा, जनकपुर कार्यालयका चन्द्रकुमार श्रेष्ठको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, नेपालगञ्ज कार्यालयका मुकुन्दराज पौडेलको मुद्रा व्यवस्थापन विभागमा र जनकपुर कार्यालयका केशवप्रसाद तिमिल्सिनाको बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा भएको छ ।

## उपनिर्देशकहरुको पदस्थापन

उपनिर्देशकहरु विदेशी विनिमय व्यवस्थापन विभागका संजीवकुमार झाको बैंक तथा वित्तीय संस्था नियमन विभागमा, वित्तीय जानकारी एकाइका कमलप्रकाश कालाथोकीको नेपालगञ्ज कार्यालयमा, बैंकर्स प्रशिक्षण केन्द्रका प्रल्हाद गिरीको जनकपुर कार्यालयमा, बैंक तथा वित्तीय संस्था नियमन विभागका शिखा अधिकारी रेग्मीको सामान्य सेवा विभागमा, सामान्य सेवा विभागका प्रतिभा अधिकारीको समस्याग्रस्त संस्था रिजोलुसन महाशाखामा र बैंक सुपरिवेक्षण विभागका प्रियंका बस्नेतको वित्त व्यवस्थापन विभागमा पदस्थापन भएको छ ।

## अतिरिक्तमान

सहायक स्तरका ७ जना कर्मचारीहरुलाई निकटतम माथिल्लो पदको तलब, भत्ता तथा अन्य सुविधा पाउने गरी अतिरिक्तमान प्रदान गरिएको छ ।

यसरी अतिरिक्तमान पाउनेहरुमा टक्सार महाशाखाका प्रधान सहायक प्रकाश घिमिरे तथा वरिष्ठ मेकानिक्सहरु भगत खत्री, कान्छा महर्जन र तीर्थनारायण महर्जन हुनुहुन्छ। यसैगरी, वरिष्ठ मेकानिक्सहरु अनुसन्धान विभागका लक्ष्मीनारायण श्रेष्ठ र बैंकिङ कार्यालयका श्यामकृष्ण श्रेष्ठ तथा मुद्रा व्यवस्थापन विभागका मेकानिक्स कृष्णबहादुर गिरीले पनि अतिरिक्तमान पाउनु भएको छ ।

## कामकाज (सरुवा)

बैंकिङ कार्यालयका प्रधान सहायक भाष्करमान श्रेष्ठको वीरगञ्ज कार्यालय (कामकाज) मा सरुवा भएको छ । वीरगञ्ज कार्यालयका सहायक हरिप्रसाद पौडेलको बैंकिङ कार्यालयमा सरुवा भएको छ ।

पोखरा कार्यालयका सहायक रञ्जन गौतम, वीरगञ्ज कार्यालयका सहायकहरु देवेन्द्र निरौला, गोपाल महर्जन र शान्ति दंगाल तथा नेपालगञ्ज कार्यालयका सहायकहरु नमबहादुर नेपाली, विवेक देवकोटा, टीकाराम ढकाल र अर्चना आचार्यको बैंकिङ कार्यालयमा कामकाज सरुवा भएको छ । वीरगञ्ज कार्यालयका सुनिता कार्की र चुडामणि पोखरेल तथा सिद्धार्थनगर कार्यालयका कमला अर्यालको वित्त व्यवस्थापन विभागमा कामकाज सरुवा भएको छ । सहायकहरु जनकपुर कार्यालयका गोपालबहादुर बुढाथोकी, धनगढी कार्यालयका कृति ओझा र सिद्धार्थनगर कार्यालयका तिलकबहादुर थिङको मुद्रा व्यवस्थापन विभागमा कामकाज सरुवा भएको छ ।

सहायकहरु जनकपुर कार्यालयका संजिव बखेलको विराटनगर कार्यालयमा र विराटनगर कार्यालयका राकेशकुमार श्रेष्ठको संस्थागत योजना विभागमा कामकाज सरुवा भएको छ ।

## कार्यकारी निर्देशक/निर्देशकहरुको अवकाश

राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठ, वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक ख्यामनारायण ढकाल र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक बलराम पराजुली बैंक सेवाबाट अवकाश हुनु भएको छ । उहाँहरु मध्ये डा. श्रेष्ठले स्वेच्छिक अवकाश लिनु भएको हो भने ढकाल र पराजुलीले ५८ वर्षको उमेर हदका कारणले अवकाश पाउनु भएको हो ।

## अवकाश

सामान्य सेवा विभागका उपप्रधान चालक कृष्णगोपाल श्रेष्ठ तथा कार्यालय सहयोगी प्रथमहरु जनकपुर कार्यालयका भुटन कापर र गभर्नरको कार्यालयका शिवप्रसाद खतिवडाले ३० वर्षको सेवा अवधिका कारण बैंक सेवाबाट अवकाश पाउनु भएको छ ।

# आर्थिक कूटनीति : अवसर तथा चुनौतीहरु

– टिकाराम तिमिल्सिना, सहायक निर्देशक

आर्थिक कूटनीतिमा जानु भन्दा पहिला कूटनीतिको बारेमा चर्चा गर्नु उपयुक्त हुन्छ । आधुनिक विश्वमा कुटनीतिले निकै महत्वपूर्ण अर्थ राख्दछ । कूटनीति शब्दले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सम्पर्क, सम्बन्ध र समन्वयबाट मुलुकको हित तथा स्वार्थ प्रवर्द्धन गर्ने कार्यलाई जनाउँदछ। कुटनीति अन्तर्राष्ट्रिय सम्बन्धको एक अभिन्न अंग हो। कूटनीति नै एक मात्र वैदेशिक नीति अभ्यास गर्ने माध्यम हो । फरक फरक लेखक तथा विद्वानबाट फरक फरक किसिमबाट परिभाषा गरिए पनि कूटनीति मार्फत कार्यान्वयन गरिने परराष्ट्र नीतिको व्यावहारिक अभ्यासलाइ नै समग्रमा कूटनीति भनिन्छ । Harold Nicolson का अनुसार कूटनीतिका निम्न बमोजिम ५ वटा रुपमा अर्थहरु हुने गर्दछन् ।

१. परराष्ट्र नीतिको पर्यायको रुपमा
२. वार्ताको रुपमा
३. वार्ता गर्ने संयन्त्रको रुपमा
४. परराष्ट्र सेवाको शाखाको रुपमा
५. अमूर्त गुण वा प्रदत्त विशेषता

नेपालमा सन् १९५० मा प्रजातन्त्रको अभ्युदय पश्चात द्विपक्षीय सहायता प्राप्त गर्ने दिशा तर्फ आर्थिक कूटनीति बढी केन्द्रित रहेको देखिन्छ । सन् १९६० र ७० को दशकमा नेपालले व्यापार विविधीकरणमा जोड दिन थाल्यो । १९८० को दशकमा आर्थिक सहयोगको सम्बन्ध कायम गर्न संयुक्त आर्थिक नियोगहरुको गठन हुनु यस दिशामा भएको महत्वपूर्ण पाइला थियो । वि.सं. २०३६ मा परराष्ट्र मन्त्रालय, व्यापार प्रवर्द्धन केन्द्र, विदेशस्थित नेपालका प्रतिनिधिहरुको निम्ति कार्यविधि तयार पारिनुलाई आर्थिक कूटनीतिको दिशामा भएको महत्वपूर्ण प्रयास मान्नुपर्छ । सन् १९९० राजनैतिक परिवर्तन पश्चात् सरकारले आत्मसात गरेको विश्वव्यापीकरण, आर्थिक उदारीकरण र निजीकरणको प्रयासलाई मूर्त रुप दिनको लागि आर्थिक कूटनीतिलाई प्रभावकारी रुपले अगाडि बढाउनु पर्ने भयो । वि.सं. २०४६ पश्चात् आर्थिक कूटनीतिलाई परराष्ट्र नीतिको महत्वपूर्ण तत्वको रुपमा अभ्यास गरिँदै आएको छ ।

आज विश्वका धेरै देशहरुले उदारीकरणको आर्थिक नीति अवलम्बन गरेका छन् । यस सन्दर्भमा वाणिज्य, व्यापार, लगानी र आर्थिक रुपले फाइदाजनक अन्य पक्षसँग तुलनात्मक लाभ प्राप्त गर्न राष्ट्रहरुले बाह्य विश्वसँग कोशिस गर्ने प्रक्रियालाई नै आर्थिक कूटनीति हो भनी परिभाषित गर्न सकिन्छ। आर्थिक कूटनीतिले आर्थिक नीतिका मुद्दाहरुसँग सरोकार राख्दछ । विश्व व्यापार संगठन, अन्तर्राष्ट्रिय क्षेत्रमा देखा परेका अनेक क्रमउपक्रम, ऊर्जा, कच्चा पदार्थ, प्रविधि, ऋण सहयोगहरु आदिका कारणबाट विश्वमा द्विपक्षीय र बहुपक्षीय कूटनीतिको विकास भएकाले पनि आर्थिक कूटनीति आजको जल्दोबल्दो आवश्यकताको रुपमा देखा परेको छ ।

आर्थिक कूटनीतिले वैदेशिक लगानीको प्रवाहलाइ आकर्षित गर्ने, निर्यात बढाउने वातावरण सिर्जना गर्ने, मुलुकलाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा प्रवर्द्धन गर्ने, आकर्षक वैदेशिक रोजगारीको सिर्जना गर्ने, औद्योगिक विकासको लागि आवश्यक प्रविधि हस्तान्तरण गराउने र द्विपक्षीय र बहुपक्षीय वित्तीय तथा प्राविधिक सहयोगको निरन्तरताका लागि प्रयत्न गर्ने जस्ता उद्देश्यहरु राखेको हुन्छ । व्यापार, लगानी र पर्यटन आदिमा दिगोपना ल्याउन, सीमापारका व्यापारमा हुने जोखिमहरु न्यूनीकरण गर्न, मुलुकको आर्थिक आवश्यकता पूरा गर्दै अन्तर्राष्ट्रिय सञ्जाल बढाउन, प्रविधि हस्तान्तरण, संस्थागत संरचना सुधार जस्ता पक्षहरुमा ध्यान दिन, वाणिज्य, औद्योगिक र श्रम नीतिहरुमा समयानुकूल परिमार्जन र सुधार गर्न, मुलुकमा वैदेशिक लगानीका लागि सहज वातावरण निर्माण गर्दै लगानीका अवसरहरु सिर्जना गर्न, अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रको पहिचान अभिवृद्धि गरी आर्थिक विकास र समृद्धिका लागि उपयुक्त वातावरण सिर्जना गर्ने जस्ता महत्वपूर्ण आर्थिक मामिलाहरुमा आर्थिक कूटनीतिको महत्वपूर्ण स्थान रहेको हुन्छ ।

नेपालको वैदेशिक व्यापार घाटा बर्सेनी डरलाग्दो गतिले बढ्दै गएको छ । यस प्रकारको व्यापार घाटालाई न्यूनीकरण गर्नको लागि उपयुक्त प्रकारको आर्थिक कूटनीति अवलम्बन गरी निर्यात प्रवर्द्धन गर्नुपर्ने देखिन्छ। वार्षिक रुपमा झण्डै ४-५ लाखको हाराहरीमा नेपालबाट विदेशिने अदक्ष तथा अर्धदक्ष कामदारहरुबाट उच्चतम प्रतिफल प्राप्त गर्न, उनीहरुको व्यक्तिगत सुरक्षाको लागि उनीहरुको गन्तव्य मुलुकसँग यसै विधिबाट नै कामदारहरुले भोग्ने गरेका समस्याहरुको समाधान निकाल्न सकिन्छ । दक्षिण एसियामा नै न्यून वैदेशिक लगानी ल्याइरहेको नेपालले यसको मात्रालाइ बढाउनको लागि यससँग सम्बन्धित निकायहरुले उपयुक्त किसिमको आर्थिक कूटनीति संचालन गर्नुपर्ने देखिन्छ । नेपालले पर्यटन विकास, वैदेशिक व्यापार प्रवर्द्धन, वैदेशिक प्रत्यक्ष लगानी, वैदेशिक रोजगारी तथा वैदेशिक सहायता प्राप्ति लगायतका क्षेत्रहरुमा आफूसँग उपलब्ध ज्ञान, सिप तथा साधन स्रोतहरुको उच्चतम परिचालन गरी देशको स्वार्थ पोषण हुनेगरी आर्थिक कूटनीति संचालन गर्नुपर्ने देखिन्छ ।

दुरदृष्टियुक्त आर्थिक कूटनीतिको माध्यमबाट नेपालले विविध राष्ट्रिय अन्तर्राष्ट्रिय मुद्दाहरुमा निकै फाइदा लिनसक्छ । तर यसको लागि राजनैतिक प्रतिबद्धता र इच्छाशक्ति, परराष्ट्र मन्त्रालय, विदेशस्थित नियोगहरु, अन्य मन्त्रालयहरु र निजी क्षेत्र बीचको कार्यगत संयोजन, योजनाहरुको निरीक्षण तथा मूल्यांकन क्षमता अभिवृद्धि, तालिम प्राप्त कुटनीतिज्ञहरुको उत्पादन, राष्ट्रिय प्राथमिकताको पहिचान तथा दीर्घकालीन सोचको आवश्यकता देखिन्छ । उपरोक्त चुनौतीहरुलाई सुझबुझका साथ समयसापेक्ष विधि प्रयोग गरी सहज बनाउन सकेमा प्राप्त अवसरहरुलाई देशले आफ्नो समग्र आर्थिक विकासको मार्ग प्रशस्त गर्नको लागि रचनात्मक हतियारको रुपमा प्रयोग गर्नसक्छ ।

हालै मात्र नोभेम्बर ९, २०१६ बाट भारत सरकारले लगाएको भा. रु. ५०० र १००० को नोट कारोबार माथिको प्रतिबन्धले नेपालका बैक तथा सर्वसाधारण जनतासँग रहेको भा. रु. का सम्बन्धमा अन्यौल सिर्जना भएको छ । यसको निराकरणको लागि भारत सरकारसँग नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारले समयमा नै कुशल कूटनीतिक कदम चाल्नुपर्ने देखिन्छ। यस्तै अनेकन प्रकारका दैनिक जस्तो देखा पर्नसक्ने अन्तर्राष्ट्रिय मामिलाहरुमा देशको अधिकतम राष्ट्रिय स्वार्थ प्राप्तिको लागि आर्थिक कूटनीतिले अभिन्न स्थान ओगटेको हुन्छ ।

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

(आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्मको तथ्याङ्कमा आधारित)

### आर्थिक परिदृश्य

मुद्रास्फीतिमा सुधार तथा देशको शोधनान्तर स्थिति बचतमा फर्केकोले समीक्षा अवधिमा समष्टिगत आर्थिक स्थिति सन्तोषजनक रहेको छ। पर्यटकीय मौसमको आगमनसँगै होटलहरुमा बेड अकुपेन्सी दर करिब ६० प्रतिशतको हाराहारीमा रहेको अनुमान छ। यसबाट होटल, रेष्टुरेन्ट एवम् ट्रेकिङ्ग लगायतका पर्यटनजन्य व्यवसायहरुमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। अनुकूल मौसमका कारण वर्षे खाद्य बालीहरुको उत्पादनमा वृद्धि, उद्योगहरुको क्षमता उपयोग तथा सेवा क्षेत्रका गतिविधिमा बढोत्तरी र निजी क्षेत्रतर्फको कर्जा प्रवाहको विस्तारले आर्थिक वृद्धिको परिदृष्यमा सुधार ल्याउने देखिन्छ।

### मुद्रास्फीति

वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २०७३ असोज महिनामा ६.७ प्रतिशतमा ओर्लेको छ। गैर-खाद्य मुद्रास्फीति ७.६ प्रतिशत पुगेको छ। क्षेत्रगत आधारमा उपभोक्ता मुद्रास्फीति पहाडमा ८.९ प्रतिशत, हिमालमा ६.३ प्रतिशत, तराईमा ६.२ प्रतिशत र काठमाडौं उपत्यकामा ५.७ प्रतिशत रहेको छ। २०७३ असोज महिनामा भारतको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.२ प्रतिशत र नेपालको मुद्रास्फीति ६.७ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर ५ प्रतिशत रहेको छ। थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ७.२ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ५.८ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क १.१ प्रतिशतले घटेको छ।

### वैदेशिक व्यापार

आर्थिक बर्ष २०७३/७४ को तीन महिनासम्मको कुल वस्तु निर्यात १२.६ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब ९३ करोड पुगेको छ। भारततर्फ १९.९ प्रतिशत, चीनतर्फ २९.५ प्रतिशत र अन्य मुलुकतर्फ ३.९ प्रतिशतले निर्यात बढेको छ।

समीक्षा अवधिमा कुल वस्तु आयात ६९.१ प्रतिशतले बढेर रु. २२० अर्ब ६८ करोड पुगेको छ। भारतबाट भएको आयात ७९ प्रतिशत, चीनबाट भएको आयात ५८.८ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ४९.९ प्रतिशतले बढेको छ

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा ७७.५ प्रतिशतले बढी रु. २०१ अर्ब ७५ करोड पुगेको छ। निर्यात-आयात अनुपात ८.६ प्रतिशतमा रहेको छ।

### निर्यात आयात मूल्य सूचकाङ्क

आर्थिक वर्ष २०७३/७४ को तीन महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा १३.९ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ३.५ प्रतिशतले कमी आएकोले व्यापारको शर्त (Terms of Trade) मा १८ प्रतिशतले सुधार भएको छ।

### सेवा/विप्रेषण आप्रवाह

समीक्षा अवधिमा कुल सेवा आय ६.४ प्रतिशतले बढेको र कुल सेवा खर्च ६.२ प्रतिशतले बढेको कारण खुद सेवा आय घाटा रु. २ अर्ब ४० करोड पुगेको छ। सेवा खाताअन्तर्गत पर्यटन आय २७.६ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ६७ करोड पुगेको छ।

समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३.२ प्रतिशतले वृद्धि भई रु. १७१ अर्ब ८० करोड पुगेको छ। खुद ट्रान्सफर आय १.५ प्रतिशतले वृद्धि भई रु. १९४ अर्ब ४८ करोड पुगेको छ। अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७३/७४ को तीन महिनामा गत वर्षको सोही अवधिको तुलनामा १६.१ प्रतिशतले घटेको छ।

### चालू खाता एवम् शोधनान्तर

चालू खाता समीक्षा अवधिमा रु. १ अर्ब ९७ करोडले घाटामा रहेको छ। समग्र शोधनान्तर समीक्षा अवधिमा रु. १९ अर्ब ७० करोडले बचतमा रहेको छ। पूँजीगत ट्रान्सफर रु. २ अर्ब ४१ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ५ अर्ब २ करोड रहेको छ।

### विदेशी विनिमय सञ्चिति

कुल विदेशी विनिमय सञ्चिति २०७३ असोज मसान्तमा रु. १०५४ अर्ब ६१ करोड रहेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु. ८९४ अर्ब ४२ करोड रहेको छ। बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु. १६० अर्ब १९ करोड पुगेको छ। कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.९ प्रतिशत रहेको छ।

### सञ्चिति पर्याप्तता सूचकहरू

आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्मको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४.६ महिनाको वस्तु आयात र १२.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४६.९ प्रतिशत, १०४.१ प्रतिशत र ४४.६ प्रतिशत रहेका छन्।

### सरकारी बजेट घाटा/बचत/खर्च

आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्ममा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ५४ अर्ब ६१ करोडले बचतमा रहेको छ।

समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ९२.७ प्रतिशतले वृद्धि भई रु. ९५ अर्ब १६ करोड पुगेको छ। चालू खर्च बढेर रु. ८६ अर्ब ७९ करोड पुगेको छ। समीक्षा अवधिमा पुँजीगत खर्च रु. ७ अर्ब २९ करोड भएको छ।

### सरकारी राजस्व/सरकारको नगद मौज्दात

समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व सङ्कलन ६६.७ प्रतिशतले वृद्धि भई रु. १२६ अर्ब १२ करोड पुगेको छ। २०७३ असोज मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. १९६ अर्ब ६२ करोड नगद मौज्दात कायम रहेको छ।

### मुद्राप्रदाय

समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय ५.४ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ असोज मसान्तमा विस्तृत मुद्राप्रदाय २०.५ प्रतिशतले बढेको छ। खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. १९ अर्ब ७० करोडले बढेको छ।

बाँकी अन्तिम पेजमा

समीक्षा अवधिमा सञ्चित मुद्रा ०.३ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ असोज मसान्तमा उक्त मुद्रा ३.३ प्रतिशतले बढेको छ।

### कुल आन्तरिक कर्जा

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा ०.४ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ असोज मसान्तमा यस्तो कर्जा १९.६ प्रतिशतले बढेको छ । मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ४.३ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७३ असोज मसान्तमा २४.८ प्रतिशतले बढेको छ।

### निक्षेप सङ्कलन/ कर्जा प्रवाह

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ३.८ प्रतिशतले बढेको छ । वाणिज्य बैंक र विकास बैंकको निक्षेप क्रमशः ३.९ प्रतिशत र ४.९ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको निक्षेप ११.९ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २१.० प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ४.२ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ असोजमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २५.६ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा ६.७ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ४.५ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा ५.९ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ५.५ प्रतिशत र सेवा उद्योगतर्फको कर्जा ६.६ प्रतिशतले वृद्धि भएको छ।

२०७३ असोजसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६०.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १५.१ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ।

२०७३ असोजसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कुल लगानीमा रहेको कर्जामध्ये घरजग्गा (Real Estate) क्षेत्रमा रु. २६५ अर्ब ८५ करोड (प्रति ग्राहक रु. १ करोडभन्दा कमको रु. १५२ अर्ब ८१ करोडको आवासीय घरकर्जा समेत) रहेको छ । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल कर्जाको १४.९ प्रतिशत हुन आउँछ । २०७३ असोजसम्ममा बैंक तथा वित्तीय संस्थाहरूले सेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको २.२ प्रतिशत (रु. ३८ अर्ब ५८ करोड) रहेको छ भने वाणिज्य बैंकहरूबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.५ प्रतिशत (रु. ३६ अर्ब ८१ करोड) छ।

समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट प्रवाहित ट्रष्ट रिसिट (आयात) कर्जा ५.५ प्रतिशत (रु. ४ अर्ब १ करोड) ले बढेको छ।

### तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्ममा यस बैंकले रु. ९० अर्ब २५ करोड तरलता प्रशोचन गरेको छ।

आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ९२ करोड ५९ लाख खुद खरिद गरी रु. ९८ अर्ब ९४ करोड तथा रिपो बोलकबोल मार्फत रु. १० अर्ब १ करोड (चालू आर्थिक वर्ष देखि शुरु गरिएको ब्याजदर कोरिडर अन्तर्गतको दुई हप्ते रिपो बोलकबोल मार्फत् रु. १ करोड समेत) गरी रु. १०८ अर्ब ९५ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ।

समीक्षा अवधिमा अमेरिकी डलर ९० करोड र यूरो ९ करोड ५० लाख बिक्री गरी रु. १०७ अर्ब ५९ करोड बराबरको भा.रु. खरिद भएको छ।

### पुनरकर्जा तथा उत्पादनशील कर्जा

समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. २ अर्ब १६ करोड ९७ लाख र निर्यात कर्जा रु. ३७ करोड ४४ लाख गरी कुल रु. २ अर्ब ५४ करोड ४१ लाख पुनरकर्जा उपयोग भएको छ। भूकम्प पीडितहरूलाई राहत प्रदान गर्न यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७३ असोज मसान्तसम्म रु. १५ करोड ३८ लाख कर्जा प्रवाह भएको छ।

वाणिज्य बैंकहरूले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७३ असोज मसान्तसम्ममा वाणिज्य बैंकहरूको यस्तो कर्जा अनुपात १६.३३ प्रतिशत पुगेको छ।

### अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

आर्थिक वर्ष २०७३/७४ को तीन महिनासम्ममा वाणिज्य बैंकहरूले रु. २८० अर्ब ५७ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. ८८ अर्ब ३७ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । बैंक तथा वित्तीय संस्थाहरूले रु. ७ अर्ब ७५ करोडको स्थायी तरलता सुविधाको उपयोग गरेका छन्।

### ब्याजदर

९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर २०७३ असोजमा २.१२ प्रतिशत कायम भएको छ। वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७३ असोजमा ३.२७ प्रतिशत रहेको छ। अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७३ असोजमा ४.१३ प्रतिशत रहेको छ।

२०७३ असोजमा वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.४५ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७३ असोजमा ६.४३ प्रतिशत कायम हुन आएको छ।

### पुँजी बजार

नेप्से सूचकाङ्क २०७३ असोज मसान्तमा १,८०३.७ विन्दुमा उक्लेको छ । उक्त सूचकाङ्कमा वार्षिक विन्दुगत आधारमा ५९ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७३/७४ को पहिलो त्रयमासमा कुल सेयर कारोबार रकम अघिल्लो आर्थिक वर्षको सोहि अवधिको तुलनामा १४४.८ प्रतिशतले वृद्धि भई रु. ७४ अर्ब ८५ करोड पुगेको छ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
विभुप्रसाद अर्याल

**सम्पादन सहयोगी**
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७०६१३, ४७७०२५३